# अष्ट्रेलियामा शरणार्थीका अनुभवहरूको अध्ययन:

# सहभागीका लागि जानकारीपत्र



SRC3214_PICF (survey)_V2.0_09Sep2024

# संलग्न 13 – सहभागी जानकारीपत्र (नेपाली)

## अध्ययन शीर्षक

अष्ट्रेलियामा शरणार्थीका अनुभवहरूको अध्ययन

## अनुसन्धानकर्ताहरू

Scanlon Foundation Research Institute बाट Anthea Hancocks, Trish Prentice र Celia Tran ।

सामाजिक अनुसन्धान केन्द्रबाट Dr Kylie Brosnan, Dr Ben Phillips, Andrew Ward, Dr Stephen Cuttriss, Dr Tamsin Dehar, Alison Eglentals, Lani Sellers, Nyima Lhamo Wangchuk, Jerath Head, Lachie Watson र Ian Heffernan

## परिचय

तपाईंलाई यस अध्ययनमा भाग लिन भनिएको छ किनभने तपाईं शरणार्थी वा गैर -शरणार्थी मानवीय भिसा पाएपछि पछिल्लो 10 वर्षभित्र अष्ट्रेलिया आइपुग्नुभएको छ र यातना र आघातबाट बचेकाहरुका लागि अष्ट्रेलियन सेवाहरूको फोरम (Forum of Australian Services for Survivors of Torture and Trauma) (FASSTT) को नेटवर्क, स्क्यानलोन फाउन्डेशन रिसर्च इन्स्टिच्युट ( Scanlon Foundation Research Institute), वा बहुसांस्कृतिक मार्केटिंग र व्यवस्थापन (Multicultural Marketing and Management) (MMM) सँग संलग्न हुनुहुन्छ ।

## पृष्ठभूमि

अष्ट्रेलियामा शरणार्थीका अनुभवहरूको अध्ययन, एक महत्त्वपूर्ण राष्ट्रिय अध्ययन, मा तपाईंको चासोको लागि धन्यवाद । यस सर्वेक्षणको माध्यमबाट तपाईंको आवाज सुन्नु भनेको अष्ट्रेलिया आउने भविष्यका शरणार्थी र मानवीय आगन्तुकका लागि बसोबास यात्रा सुधारमा योगदानका लागि मद्दत गर्ने एउटा तरिका हो।

## यो अनुसन्धान कसले गर्दैछ?

अष्ट्रेलियामा सेवाहरू सुधारमा मद्दत गर्नका लागि सर्वेक्षणहरूमा मानिसहरूलाई सधैं प्रश्नहरू सोधिन्छन्। यो सर्वेक्षण सामाजिक अनुसन्धान केन्द्र (Social Research Centre) ले स्क्यानलन फाउन्डेसन अनुसन्धान संस्थान (Scanlon Foundation) सँगको साझेदारीमा सञ्चालन गरिरहेको छ।

Scanlon Foundation Research Institute (https://scanloninstitute.org.au) ले अष्ट्रेलियामा आप्रवासीहरूले सामना गरिरहेका चुनौतीहरू बुझ्न अनुसन्धानलाई सहायता गर्दछ । Social Research Centre (www.srcentre.com.au) Australian National University (ANU) को स्वामित्वमा मेलबोर्नमा रहेको एक स्वतन्त्र अष्ट्रेलियन सामाजिक अनुसन्धान संस्था हो।

## यो अनुसन्धान के को बारेमा हो?

अनुसन्धानको उद्देश्य अष्ट्रेलियामा बसोबास गर्दा, सम्बन्धित हुँदा र जोडिँदाको तपाईंको अनुभवबारेका विचारहरू र अष्ट्रेलियामा आएदेखि तपाईंलाई कसरी सहायता गरिएको छ भन्ने कुराहरू निकाल्नु हो।

सर्वेक्षण अनलाइन रूपमा प्रस्तुत गरिन्छ र धेरैजसो प्रश्नहरूको लागि, तपाईंलाई विकल्पहरूको सूचीबाट आफ्नो प्रतिक्रिया छनोट गर्न भनिनेछ। कहिलेकाहीँ तपाईंलाई छोटो प्रतिक्रिया लेख्नु पर्ने हुन सक्छ।

यो सर्वेक्षण अंग्रेजी, अरबी, अस्सिरियन, बर्मेली, चीन हाखा, दारी, हजार आघी, करेन, नेपाली, स्वाहिली र टिग्रिन्या भाषामा उपलब्ध हुनेछ ।

यदि तपाईं सर्वेक्षण पूरा गर्नमा आफ्नो रुचि व्यक्त गर्न चाहनुहुन्छ भने, कृपया 1800 023 040 मा फोन गर्नुहोस् वा voices@srcentre.com.au मा इमेल गर्नुहोस्।

## सर्वेक्षणमा कसले भाग लिइरहेको छ?

यस अनुसन्धानको एक भागको रूपमा, हामी अष्ट्रेलियाभरिका अन्य मानवीय आगन्तुकहरू र शरणार्थीहरूसँग कुरा गर्दैछौं जो गत 10 वर्षभित्र आइपुगेका छन्, उनीहरूको अष्ट्रेलियामा बसोबासको कस्तो अनुभव थियो भनेर बुझ्न।

अनुसन्धानमा भाग लिन, तपाईंले निम्न हुनुपर्छ:

- 18 वर्ष वा माथिको उमेरको हुनुपर्छ
- अन्तर्वार्ताको मितिमा अष्ट्रेलियामा बसोबास गर्ने
- १ जुन 20१3 र 3१ डिसेम्बर 2023 को बीचमा शरणार्थी वा गैर-शरणार्थी मानवीय भिसा प्रदान गरिएको हुनुपर्छ। यसमा ती व्यक्तिहरू समावेश हुन्छन् जसले पछि आफ्नो परिस्थितिलाई परिवर्तन गरेका हुन सक्छन् (जस्तै, नागरिक बनेको)। तपाईं प्राथमिक आवेदक हुनु आवश्यक छैन र द्वितीय आवेदकको रूपमा समान भिसा प्रदान गरिएको परिवारको सदस्य हुन सक्नु हुन्छ।

## मेरो गोपनियताको विषयमा के हुन्छ?

तपाईंले प्रदान गर्नुभएको सबै जानकारी **गोप्य** हुन्छ र अनुसन्धान उद्देश्यका लागि मात्र प्रयोग गरिन्छ - यसको मतलब अनुसन्धान टोलीमा नभएको व्यक्तिसँग तपाईंको विवरणहरू बाँडिने छैन। रिपोर्टिङमा प्रयोग गरिने कुनै पनि जानकारी बेनामी हुनेछन् - जसको अर्थ तपाईको नाम र तपाईलाई निर्दिष्ट गरिएको भन्ने कुनै पनि जानकारी प्रयोग गरिने छैन। तपाईको व्यक्तिगत जानकारी अष्ट्रेलिया सरकारसंग बाँडिने छैन।

तपाईंको गोपनीयता अष्ट्रेलियाको कानूनद्वारा सुरक्षित छ। अध्ययनमा गोपनीयता ऐन १९८८ (Cth), गोपनीयता (बजार र सामाजिक अनुसन्धान) कोड 202१ र अष्ट्रेलियन गोपनीयता सिद्धान्तहरू लाई पालना गरिन्छ।

सामाजिक अनुसन्धान केन्द्रको गोपनीयता नीति https://srcentre.com.au/privacy-policy मा फेला पार्न सकिन्छ। तपाईको व्यक्तिगत जानकारी *गोपनीयता ऐन १९८८* द्वारा सुरक्षित छ। Scanlon Foundation Research Institute ले यस अनुसन्धानको एक भागको रूपमा उही गोपनीयता नीति अनुसरण गर्दैछ।

आईपी (IP) ठेगाना विवरणहरू सर्वेक्षण उत्तरदाताहरू दोहोरिएका छैनन् र सबै उत्तरदाताहरू अष्ट्रेलियामा अवस्थित छन् भनी सुनिश्चित गर्न सङ्कलन गरिन्छ। अन्तरिम डाटा फाइलहरूमा आईपी ठेगानाहरू हुन्छ, तिनीहरूलाई गोपनीयता सुनिश्चित गर्न एकपटक फिल्डवर्क पूरा भएपछि डाटाबाट अलग फाइलमा भण्डार गरिनेछ।

सर्वेक्षण प्लेटफर्म, युनिकम इन्टेलिजेन्स (पहिले IBM SPSS डाटा कलेक्सन), एक अमेरिकामा रहेको कम्पनी हो र त्यस्ता सबै कम्पनीहरू US Patriot ऐनद्वारा कभर गरिएका छन्, जसको अर्थ सर्भरहरू अष्ट्रेलियामा राखिएको भए तापनि कुनै पनि डाटा अमेरिकी सुरक्षा संगठनहरूमार्फत पहुँच गर्न सकिन्छ । सहभागीहरूले ध्यान दिनुपर्छ कि यस अध्ययनमा तपाईंको सहभागिताको केही डाटा विदेश पठाइनेछ वा अष्ट्रेलियाबाहिरका व्यक्तिहरूसँग साझेदारी गरिनेछ । अन्य

देशहरूमा डाटा पहुँच र प्रयोगलाई नियमन गर्ने नियामक व्यवस्थाहरू अष्ट्रेलियामा लागू भएका जस्तै नहुन सक्छ । यदि तपाईंसँग यसबारे कुनै प्रश्नहरू छन् भने तिनीहरूलाई प्रिन्सिपल इन्भेस्टिगेटरलाई पठाउनुहोस् ।

यदि तपाईसँग कुनै प्रश्न वा चिन्ता छ वा तपाईलाई माथिको नीति पढ्न अनुवादक चाहिन्छ भने, कृपया सामाजिक अनुसन्धान केन्द्रलाई 1800 023 040 मा सम्पर्क गर्नुहोस् वा voices@srcentre.com.auमा इमेल गर्नुहोस्।

Bellberry Human Research Ethics Committee ले सबै अद्यावधिकहरू समावेश गरी मानव अनुसन्धानमा नैतिक आचरणको राष्ट्रिय विवरण (२०२३) अनुसार यस अध्ययनलाई समीक्षा गरी अनुमोदन गरेको छ। यो विवरण मानव अनुसन्धान अध्ययनहरूमा भाग लिन सहमत व्यक्तिहरूको हितको रक्षा गर्न विकसित गरिएको हो। यदि तपाई अध्ययनको बारेमा छलफल गर्न चाहनुहुन्छ वा उजुरी प्रक्रियाको प्रतिलिपि अध्ययनमा प्रत्यक्षरूपमा संलग्न नभएको कसैसँग हेर्न चाहनुहुन्छ भने, विशेषगरी नीतिहरू, जानकारी वा अध्ययनको सञ्चालन वा सहभागीको रूपमा तपाईको अधिकारहरूसम्बन्धी गुनासोहरूको सम्बन्धमा, तपाई बेलबेरी लिमिटेड (Bellberry Limited) का सञ्चालन प्रबन्धकलाई 08 8361 3222 मा सम्पर्क गर्न सक्नुहुन्छ।

## मेरो लागि यसमा के छ?

तपाईका अनुभवहरू बाँड्नाले मानवीय आगन्तुक र शरणार्थीहरू अष्ट्रेलिया आइपुग्दा उनीहरूका लागि उपलब्ध सहयोगमा सुधार गर्न मद्दत गर्नेछ। अष्ट्रेलियामा नयाँ आगमनहरूको लागि बसोबास यात्रा सुधार गर्न मद्दत गर्ने यो अवसर हो।

तपाईंको समयको लागि धन्यवाद दिन, तपाईंले धन्यवादको रूपमा $ 20 ई - उपहार कार्ड प्राप्त गर्नुहुनेछ । ध्यान दिनुहोस् कि प्रोत्साहन तपाईंको सर्वेक्षण पूरा भएलगत्तै एसएमएसमार्फत तपाईंको मोबाइल फोनमा पठाइनेछ । (ध्यान दिनुहोस् कि प्रोत्साहनहरू म्यानुअल रूपमा पठाइन्छन्, त्यसैले प्रशोधन समयको कारण यो आउन केही दिन लाग्न सक्छ) ।

## के मेरो लागि कुनै जोखिम छ?

अनुसन्धान विषयको कारणले गर्दा, तपाईंले अन्तर्वार्ताको क्रममा वा पछि केही असुविधा वा दुःखी भावनाहरू अनुभव गर्न सक्नुहुन्छ। हामी तपाईलाई किन वा कसरी अष्ट्रेलिया आउनुभयो भनेर सोध्ने छैनौं। यसको सट्टा, हामी अष्ट्रेलियामा बसोबास गरेदेखि तपाईंको लागि जिवन कस्तो रह्यो र यदि त्यो अनुभव सुधार गर्न केही गर्न सकिन्छ कि भनी त्यसमा ध्यान केन्द्रित गर्नेछौं। यस अनुसन्धानमा भाग लिनुअघि, तपाईंले विश्वास गर्ने कसैसँग कुरा गर्दा हुन्छ र अन्तर्वार्ता गर्दा आफूलाई सहज र सुरक्षित महसुस भएको सुनिश्चित गर्नुपर्छ।

किनकि तपाईंको सहायता सेवाले यस अनुसन्धानलाई प्रवर्द्धन गरेको हुनाले तपाईंले सहायता प्राप्त गरिरहन सहभागी हुनुपर्छ भन्ने तपाईलाई लाग्न सक्छ। यदि तपाई अनुसन्धानमा सहभागी हुन नचाहने निर्णय गर्नुहुन्छ भने, यसले तपाईको सहयोग सेवा, Scanlon Institute वा Social Research Centre सँगको तपाईको सम्बन्धलाई हानि गर्दैन।

यो अनुसन्धान गृह मामिला विभाग (Department of Home Affairs) द्वारा वित्तपोषित भएको हुनाले, तपाईले भन्नुभएको कुराले अष्ट्रेलिया सरकारको सहायता वा सहयोग, वा नागरिकता वा भिसा आवेदनहरूलाई असर गर्नसक्छ भन्ने तपाईलाई लाग्न सक्छ। तपाईंले अनुसन्धानमा भाग लिनुहोस् वा नलिनुहोस्, तपाईंले सरकार वा अन्य सेवाहरूबाट प्राप्त गर्ने सहयोग वा सहायतामा असर पर्नेछैन। यस अनुसन्धानमा सहभागी हुनाले तपाईं वा तपाईंका नजिकका व्यक्तिहरूले कुनै पनि नागरिकता वा भिसा आवेदनहरूमा कुनै परिवर्तन गर्दैन।

यदि तपाई यो अनुसन्धानमा सहभागी हुन नचाहने निर्णय गर्नुहुन्छ भने, तपाई कुनै पनि समयमा बाहिरिन सक्नुहुन्छ। यदि तपाईंले सर्वेक्षण पूरा गरेपछि, तपाईं परियोजनाबाट बाहिरिन चाहनुहुन्छ भने तपाईंले प्रमुख अनुसन्धानकर्तालाई सम्पर्क गर्न सक्नुहुन्छ (विवरणहरू तल छ) र तिनीहरूलाई थाहा दिन सक्नुहुन्छ। यदि तपाईंले सर्वेक्षणको समयमा सम्पर्क विवरणहरू

प्रदान गर्नुभएको छैन भने हामी तपाईंको सर्वेक्षण प्रतिक्रियाहरू पहिचान गर्न र डाटा मेटाउन असमर्थ हुनेछौं। तपाईंले हामीलाई आफ्नो सर्वेक्षण पहिचान गर्न सम्पर्क विवरणहरू प्रदान गर्नुभएको छ भने तपाईंले प्रदान गर्नुभएको डाटा मेटाइनेछ र थप विश्लेषण र रिपोर्टिङमा प्रयोग गरिने छैन। यदि तपाईको जानकारी पहिले नै रिपोर्टिङमा प्रयोग गरिएको छ भने, यो हटाउन सक्षम हुने छैन।

सामाजिक अनुसन्धान केन्द्र तपाईंको गोपनीयताको रक्षा गर्न समर्पित छ र तपाईंलाई कुनै पनि सम्भावित जोखिमबाट जोगाउनको लागि थुप्रै प्रणालीहरु छ ('मेरो गोपनीयताको विषयमा के छ?' मा माथि हेर्नुहोस्)। जहाँसम्म कानूनले अनुमति दिन्छ तपाईंको सर्वेक्षण डाटा गोप्य रहन्छ  र तपाईंले जवाफ दिन सहज महसुस नगर्ने कुनै पनि प्रश्नहरूको लागि 'थाहा छैन' वा 'भन्न नरुचाउने' भनेर चयन गर्न सक्नुहुन्छ।

## मेरो जानकारीहरूलाई कसरी भण्डार गरिनेछ?

अनुसन्धान टोलीले सामाजिक अनुसन्धान केन्द्रका पासवर्ड-सुरक्षित कम्प्युटरहरूमा तपाईंको जानकारी सुरक्षित रूपमा भण्डार गर्नेछ। Social Research Centre र Scanlon Institute ले परियोजनासँग सम्बन्धित सबै डाटा पाँच वर्षपछि नष्ट गर्नेछ। बेलबेरी निर्देशिका BA G11 अनुसन्धानकर्ता डाटा भण्डारण र अवधारण (www.bellberry.com.au मा उपलब्ध छ) को पालना गर्दै बेलबेरीले पन्ध्र वर्षपछि परियोजनासँग सम्बन्धित सबै डाटा नष्ट गर्नेछ ।

## यदि म गोप्य सहायता चाहन्छु भने म कसलाई सम्पर्क गर्न सक्छु?

निम्न भावनात्मक र मनोवैज्ञानिक सहायता सेवाहरू निःशुल्क, गोप्य छन्। यदि तपाई कुनै असुविधा अनुभव गर्नुहुन्छ वा कसैसँग कुरा गर्न चाहनुहुन्छ भने, तपाई तिनीहरूलाई सम्पर्क गर्न सक्नुहुन्छ:

- Beyond Blue: 1300 224 636;
- Lifeline: 13 11 14;
- आत्मदाह कलब्याक सेवा (Suicide Call Back Service): 1300 659 467;
- आप्रवासी र शरणार्थी स्वास्थ्य केन्द्र इंक. (Centre for Migrant And Refugee Health Inc.) 03 8382 2125
- Foundation House: शरणार्थीहरूलाई उनीहरूको जीवन पुनर्निर्माणमा सहयोग गर्दै  (03) 9389 8900
- Companion House: (02) 6251 4550
- MHERL, मानसिक स्वास्थ्य आपतकालीन प्रतिक्रिया लाइन - 24 घण्टा। Metro 1300 555 788, Peel 1800 676 822 (नि:शुल्क अनुवाद सेवाका लागि TIS 131 450 मा फोन गर्नुहोस्)

## यदि मलाई कुनै गुनासो वा चिन्ता छ भने म कसलाई सम्पर्क गर्न सक्छु?

यदि तपाईसँग अनुसन्धानबारे गुनासो वा चिन्ता छ भने तपाई निम्न व्यक्तिहरूलाई सम्पर्क गर्न सक्नुहुन्छ:

| नाम \| भूमिका \| संगठन | सम्पर्क विवरण |
|---|---|
| Kylie Brosnan \| प्रमुख अन्वेषक<br>कार्यकारी निर्देशक, The Social Research Centre | इमेल: kylie.brosnan@srcentre.com.au<br>फोन: +61 3 9236 8500 (स्वागतकक्ष) |
| संचालन निर्देशक<br>Bellberry Limited | इमेल: bellberry@bellberry.com.au<br>फोन: +61 8 8361 3222 |

## आचार समिति स्वीकृती

Bellberry Human Research Ethics Committee ले सबै अद्यावधिकहरू समावेश गरी मानव अनुसन्धानमा नैतिक आचरणको राष्ट्रिय विवरण (२०२3) अनुसार यस अध्ययनलाई समीक्षा गरी अनुमोदन गरेको छ। यो विवरण मानव अनुसन्धान अध्ययनहरूमा भाग लिन सहमत व्यक्तिहरूको हितको रक्षा गर्न विकसित गरिएको हो। यदि तपाई अध्ययनको बारेमा छलफल गर्न चाहनुहुन्छ वा उजुरी प्रक्रियाको प्रतिलिपि अध्ययनमा प्रत्यक्षरूपमा संलग्न नभएको कसैसँग हेर्न चाहनुहुन्छ भने, विशेषगरी नीतिहरू, जानकारी वा अध्ययनको सञ्चालन वा सहभागीको रूपमा तपाईको अधिकारहरूसम्बन्धी गुनासोहरूको सम्बन्धमा, तपाई बेलबेरी लिमिटेड (Bellberry Limited) का सञ्चालन प्रबन्धकलाई 08 8361 3222  मा सम्पर्क गर्न सक्नुहुन्छ।